जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ स.नि.वि.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३२ अंक २९६ २०८० साल असार २० गते बुधबार (5 July 2023 Wednesday) मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**




*यस अंक भित्र :* २ पृष्ठमा : तराई केन्द्रित जनसंख्या, चुनौतीसँग़ै ३ पृष्ठमा : अन्धविश्वास र लापरबाही ... ३ पृष्ठमा :विषाक्त मदिरा सेवनबाट ...

# दुई देशको नागरिकता लिएको आरोपमा डाक्नेश्वरीका उपप्रमुख र उनका पति बिरुद्ध पक्राउ पूर्जी जारी





सप्तरीको डाक्नेश्वरी नगरपालिकाकी उपप्रमुख मिराकुमारी यादव र र उनका पति महेन्द्र कुमार यादव । *तस्बिर : राजविराज दैनिक*

**दैनिक समाचारदाता**
**राजविराज, १९ असार ।**

नेपाल र भारतका गरि दुई देशको नागरिकता लिएको आरोपमा सप्तरीको डाक्नेश्वरी नगरपालिकाकी उपप्रमुख मिराकुमारी यादव र उनका पति महेन्द्र कुमार यादव बिरुद्ध पक्राउ पूर्जी जारि गरिएको छ ।

उनीहरु दुबै जना बिरुद्ध नागरिकता सम्बन्धी कसुर मुद्दामा अनुसन्धानका लागि पक्राउ पूर्जी जारि भएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी उपरिक्षक नरेन्द्र कुमार कार्कीले जानकारी दिदै दुबै जनाको खोजतलास सुरु गरिएको बताए ।

डाक्नेश्वरी नगरपालिका ३ का कृष्णकुमार यादवले दुई महिनाअघि उच्च अदालत जनकपुर-राजविराज इजलाशमा दायर गरेको मुद्दामा गत जेठ ५ गते न्यायाधिसद्वय हरिप्रसाद भण्डारी र तेजनारायण सिंह राइको संयुक्त इजलासले जिल्ला प्रहरी कार्यालयको नाउँमा परमादेशको आदेश जारी भएको थियो ।

परमादेश जारि भएपछि असार १७ गते जिल्ला प्रहरी कार्यालय सप्तरीले मुद्दा दर्ता गरेको थियो । कृष्णाले भारतीय नागरिक मिरा नेपालको नागरिकता समेत लिई उपमेयर बनेको र प्रहरी, प्रशासनले मुद्दा दर्ता गर्न नमानेको भन्दै उच्च अदालतमा परमादेशको माग गर्दै रिट दायर गरेका थिए ।

उपप्रमुख मिराकुमारी यादव र उनका पति महेन्द्रकुमार यादव भारतको बिहारस्थित मझारी पञ्चायत अन्तर्गतको मझारी गाउँका स्थानीय भएको दाबी गर्दै २०७९ साउनमा जिल्ला प्रशासन कार्यालय सप्तरीमा उजुरी परेको थियो । मिरा, महेन्द्रसहित उनीहरुका सन्तानले समेत झुठा विवरण पेस गरेर नेपाली नागरिकता लिएको उजुरीमा उल्लेख छ ।

भारतको मतदाता सूचीमा मिराको नाम रहेको दाबी उजुरीमा गरिएको छ । अनुमण्डलीय न्यायालय, निर्मलीमा महेन्द्र र मिराले पेस गरेको शपथपत्र तथा भारतको निर्वाचन आयोगबाट लिएको पहिचान पत्र समेतबाट उनीहरू भारतीय रहेको प्रमाण पनि उजुरीमा समावेश गरिएको छ ।

# नेसपाले मुद्दा मिल्ने पार्टीसँग मोर्चा बनाउने

काठमाडौँ, १९ असार (रासस) ।

नेपाल समाजवादी पार्टी (नेसपा) ले नीति, सिद्धान्त र विचार मिल्ने पार्टी र समूहसँग संवाद एवं सहकार्य गरी मोर्चा बनाउने भएको छ । नेसपा केन्द्रीय समितिको मंगलबार बसेको बैठकपछि जारी विज्ञप्तिमा सो कार्यका लागि सो पार्टीले यही असारदेखि अभियान सञ्चान गर्ने जनाएको छ ।

आगामी पुस महिनासम्म सञ्चालन गरिने अभियानको विस्तारित खाका सार्वजनिक गर्दै सो पार्टीले सङ्गठन निर्माण तथा विस्तार अभियान २०८० अन्तर्गत अग्रगामी शक्तिको बृहत् ध्रुवीकरणमार्फत देशमा नयाँ

*बाँकी अन्तिम पृष्ठमा*

## नेपाल सहकारी संस्था लिमिटेड

मुख्य कार्यालय, राजविराज ३, सप्तरी
फोन नं. ०३१-५३१०९६
Email : ncl2058@gmail.com

### कर्मचारी आवश्यकता सम्बन्धी सूचना

**बिज्ञापन नं. :** ०१/०७९/०८० **प्रथम पटक प्रकाशित मिति :** २०८०/०३/२०

यस संस्थामा केही कर्मचारीहरुको आवश्यकता परेको हुनाले योग्यता पुगेका नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस संस्थामा दरखास्त आह्वान गरिन्छ ।

१. **पद** : कार्यालय सहायक
२. **संख्या** : २ (दुई)
३. **योग्यता** : मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा +2 वा सो सरह उत्तिर्ण गरेको र कम्प्युटर वा IT सम्बन्धी सम्पूर्ण ज्ञान भएको । (महिलालाई विशेष प्राथमिकता)
४. **आवश्यक कागजात** : आवेदन फारम, व्यक्तिगत विवरण, नागरिकता प्रमाणपत्रको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रहरुको प्रतिलिपि, अनुभवको प्रमाणपत्रको प्रतिलिपि तथा अन्य कागजातहरु ।
५. **आवेदन दस्तुर** : रु. ५००/- (पाँच सय)
६. **उमेर** : १८ वर्ष पुरा भएको र अनुभवविलाई विशेष ग्राहयता दिइनेछ ।
७. **तलब** : संस्थाको नियमानुसार ।
८. **आवेदन** : फारम पाइने र पेश गर्ने स्थान नेपाल सहकारी संस्था लिमिटेड कार्यालय, राजविराज ३ को कार्यालय
९. **छनौट प्रक्रिया** : आवेदकहरुको छोटो सूची (Short List) गरी संस्थामा रहेको सूचना पाटीमा नामावली प्रकाशन गरिने छ । छनौटमा परेका आवेदकहरुको मौखिक परिक्षा लिई योग्यताक्रम निर्धारण गरि छनौट गरिनेछ ।
१०. **आवेदन पेश गर्ने अन्तिम मिति** : सूचना प्रकाशित मितिले १५ दिन भित्र कार्यालय समयसम्म र उक्त दिन सार्वजनिक बिदा परेमा कार्यालय खुल्ने अर्को दिनमा आवेदन पेश गर्न सकिने छ ।

नोट : अन्य बिस्तृत जानकारीका लागि कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध छ ।

**संयोजक**
**पदपूर्ती उप-समिति**
**नेपाल सहकारी संस्था लिमिटेड**
**राजविराज ३, सप्तरी**

# अज्ञात रोगले मर्न थाले पशुचौपाया



**दैनिक समाचारदाता**
**राजविराज, १९ असार ।**

सप्तरीमा केही दिनयता पशु चौपायामा देखिएको अज्ञात रोगका कारण तीन वटा पशु चौपायाको मृत्यु तथा दर्जनौं पशु बिरामी परेका छन् ।

अज्ञात रोगका कारण पाँच दिन यता जिल्लाको छिन्नमस्ता गाउँपालिका लोखरमस्थित छिन्नमस्ता पोल्ट्रीफर्मका दुई गाई तथा खडक नगरपालिका २ मा एक बाछी गरि तीन वटा पशुको मृत्यु भएको छ ।

छिन्नमस्ता पोल्ट्री तथा कृषि फर्मका संचालिका पुनिता मिश्राले तीन दिन यता अज्ञात रोगले दुई वटा गाईको मृत्यु भएको बताइन् । छालामा घाउ देखिने, बिस्तारै बिस्तारै बढ्दै जाने, ज्वरो आउने, खुट्टा काम्ने, दुब्लाउदै जाने, खान नरुचाउने जस्ता लक्षण फर्ममा

*बाँकी अन्तिम पृष्ठमा*

## विषादीको प्रयोगमा सचेत बनौं

विषादीको प्रयोगबाट व्यक्तिमा देखिने लक्षणहरु,

- थकान महशुस हुनु, टाउको दुख्नु, रिङ्गटा लाग्नु, छाती दुख्नु ।
- छाला लाटो हुनु, चिलाउनु र फोका आउनु ।
- आँखा रातो हुनु, पोल्नु, आँसु बगिरहनु, धमिलो देखिनु र आँखीभौं फरफराउनु ।
- नाक पोल्नु, पातलो सिंगान बगिरहनु, खोकी लाग्नु, वाक–वाकी लाग्नु, वान्ता हुनु र निद्रा नपर्नु ।
- हिँड्दा लड्खडाउनु, कम्पन हुनु, होस हराउनु, स्वाँ–स्वाँ बढ्नु र मुर्छा पर्नु ।

त्यसबाट प्यारालाइसिस, हृदयघात तथा मृत्यु समेत हुन सक्ने भएकोले विषादीको प्रयोगमा सावधानी अपनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### जनताको हीतमा काम गर

अहिले जिल्लाका पालिकाहरुले धमाधम आफ्नो पालिकाको विकासका लागि विभिन्न कार्य योजनाहरु सम्पन्न गरिरहेका छन् । जिल्लाको रुपनी गाउँपालिकाले एकै दिन तीन वटा योजनाहरुलाई मूर्त रुप दिएको छ । पालिकालाई पूर्ण खोपयुक्त सुनिश्चितता घोषणासँगै स्वास्थ्य प्रयोगशालाको शुभारम्भ र किसानहरुलाई सिचाईका लागि निशुल्क प्रदान गरिएको कृषि मिटरको महसुल विद्युत प्राधिकरणलाई बुझाएको छ । यसरी रुपनी गाउँपालिकाले आफ्ना जनताका लागि यी तीनवटा कार्य गरेर एउटा उदाहरण प्रस्तुत गरेको छ । यस्तै विष्णुपुर गाउँपालिकाले किसानहरुलाई कृषि मिटर जडान गरेर त्यस वापतको महसुल पालिकाले नै तिर्ने निर्णय गरिसकेको छ । यस बाहेक सो पालिकाले शिक्षाको गुणस्तर सुधार्न विद्यालयहरुका नियमति रुपमा अनुगमनदेखी विभिन्न निर्देशन दिने कार्यलाई जारि राखेको छ ।

यसरी जिल्लाको दुई पालिकाले जनताको हीतमा यस्ता कार्यहरु गर्नु सह्रानिय हो । यद्पी बाँकी रहेका अन्य पालिकाहरुले अहिलेसम्म जनताको प्रत्यक्ष सरोकारसँग जोडिएका कार्यहरु गर्न नसक्नु दुःखदायी हो । यस्ता विषयहरुमा पालिकाको ध्यानाकर्षण हुन नसक्नु विडम्बना समेत रहेको छ ।

तसर्थ यसरी जनतालाई हीतकारी योजना ल्याएर स्थानिय सरकारको बोध गराउन सम्पूर्ण पालिका लाग्नु पर्छ । अनिमात्र जनताले स्थानिय सरकारको अनुभुती महसुस गर्न सक्छन् । होइन भने जनताले भविष्यमा यस्ता विषयहरुको मुल्याङ्कन गर्ने नै छन् ।

# तराई केन्द्रित जनसंख्या, चुनौतीसँगै अवसर पनि

**चेतन अधिकारी**
काठमाडौँ, १९ असार (रासस) ।

राष्ट्रिय जनगणनाले देशको जनसङ्ख्या स्थिरतातर्फ उन्मुख भएको देखाँउदा आन्तरिक रूपमा भने जनसङ्ख्या घट्ने र बढ्ने दरमा भिन्नता छ । कुनै भूगोलमा जनसङ्ख्या बेस्सरी थुप्रिँदो अवस्थामा छ भने कुनै भूगोल निर्जन हुने हुन् कि भन्ने चिन्ता थपिँदो छ । गत चैतमा प्रकाशित राष्ट्रिय जनगणना २०७८ को नतिजाको प्रतिवेदनले नेपालको जनसङ्ख्या वितरणको खाडललाई उजागर गरेको छ । देशको एकमुष्ट जनसङ्ख्या, वृद्धिदर, जनघनत्व आदिको तथ्याङ्क हेर्दा नेपाल जनसाङ्खिक हिसाबले सुविधाजनक र सन्तोष गर्ने ठाउँमा छ । किनकि यहाँको जनसङ्ख्या वृद्धिदर ०.९२ प्रतिशत मात्र छ । जनघनत्व १९८ प्रति वर्गकिलोमिटर छ । कूल प्रजनन दर २.१ प्रतिमहिला मात्र छ । यो अवस्था प्राप्त गर्नु निश्चय नै खुसीको खबर हो ।

नेपालभित्र पसेर आन्तरिक रूपमा जनसाङ्ख्यिक अवस्था केलाउँदा हिमाल र पहाडका ३४ वटा जिल्लाको जनसङ्ख्या घटेको छ । बाँकी रहेका पहाडी जिल्लामा जनसङ्ख्याको वृद्धिदर न्यून छ । तराईका २० वटा जिल्लाको जनसङ्ख्या वृद्धिदर उच्च छ । प्राकृतिक रूपमा हुने जनसङ्ख्याको वृद्धिदर तीनवटै भूगोलमा समान जस्तै छ । जनसङ्ख्या घटबढको कृत्रिम कारण बसाँइसराइले नेपालको जनसाङ्ख्यिक सन्तुलन खल्बल्याउने अवस्थामा पुगेको छ । जनसङ्ख्या घटबढ गराउने मुख्य तीनवटा कारण हुन्छन् । जन्म, मृत्यु र बसाइँसराइ । जन्मले जनसङ्ख्या बढाउँछमात्र । मृत्युले घटाउँछमात्र तर बसाइँसराइ यस्तो तत्व हो जसले उद्गम स्थलमा जनसङ्ख्या घटाउँछ भने गन्तव्य स्थलमा जनसङ्ख्या बढाउँछ । अर्थात् बसाइँसराइमा जनसङ्ख्या घटाउने र बढाउने दुवै भूमिका एउटै व्यक्तिले निर्वाह गर्न सक्छ । जनगणनापछि हिमाल र पहाडमा जनसङ्ख्या घटेकामा चिन्ता धेरै गरियो । बहसहरू पनि यतैतिर केन्द्रित भए । तर सानो भौगोलिक क्षेत्रफल ओगेटेको तराइँले जनसङ्ख्याको आधाभन्दा बढी हिस्सा (५३.३ प्रतिशत ) को भार बोक्नु पर्दा आउन सक्ने असर प्रभावका बारेमा कमै मात्र बहस भएको महसुस भएको छ ।

**हिमाल, पहाड जनसङ्ख्या घट्दा तराईमा यसरी थपियो**

विसं २०७८ को जनगणनाअनुसार नेपालमा दुई करोड ९१ लाख ६४ हजार पाँच सय ७८ छ । यसमध्ये नेपालको तराई क्षेत्रमा एक करोड ५६ लाख ३४ हजार छ जनसङ्ख्या रहेको छ । पहाडमा एक करोड १७ लाख ५७ हजार छ सय २४ र हिमालमा १७ लाख ७२ हजार नौ सय ४८ जनसङ्ख्या रहेको छ । भौगोलिक विभाजनअनुसार तराई क्षेत्रमा झापादेखि कञ्चनपुरसम्म २१ वटा जिल्ला पर्दछन् । नवलपरासीलाई एक जिल्लाबाट दुई जिल्लामा विभाजन गरेपछि तराईमा २१ वटा जिल्ला गणना गरिएको छ । कुनै बेला जङ्गलको खानी र औलोको खानीका रूपमा रहेको तराई विभिन्न समयमा भएका राजनीतिक आन्दोलन, सरकारी नीति तथा औलो उन्मूलनपछि बस्न योग्य भएका हो । सुरुआती चरणमा वर्षभरि खान पुग्ने, पहाडको तुलनामा सुखसयलको उपभोग गर्न पाइने गन्तव्यका रूपमा विकास भएको तराई माओवादी सशस्त्र द्वन्द्वका बेला सुरक्षित स्थानको रूपमा मानिँदै मानिसको बसाइँसराइको लहर यतातिर सोझिएको हो । त्यसको प्रमाणका रूपमा माओवादी सशस्त्र द्वन्द्वको सुरुआत नहुँदै २०४८ सालमा भएको जनगणनामा तराई क्षेत्रको जनसङ्ख्या कूल जनसङ्ख्याको ४६.७ प्रतिशतमात्र थियो । तर सशस्त्र द्वन्द्व चरम अवस्थामा पुगेको बेला २०५८ सालमा भएको जनगणनामा ४८.४ प्रतिशत पुग्यो ।

विसं २०७२ देखि नेपालमा सङ्घीय लोकतान्त्रिक व्यवस्था लागू भएपछि तराईमा झर्ने मानिसको बहाव कम होला भन्ने अनुमान गरिएको थियो । सङ्घीयतासँगै मानिसहरूले विकास, स्रोत, साधन र राजनीतिक सामाजिक पहुँच आदिको पनि समान वितरणको आशा राखेका थिए । तर संविधान जारी हुनुपूर्व र संविधान जारी भइसकेपछि भएका दुई जनगणनाका तथ्याङ्क हेर्दा मानिसहरूको बहाव र रोजाइ बदलिएन । एक अर्थले भन्दा सङ्घीयताबाट हिमाल र पहाडका अपेक्षा पूरा हुन सकेनन् । २०६८ सालमा भएको जनगणनामा नेपालको ५०.३ प्रतिशत जनसङ्ख्या तराई क्षेत्रमा बसेको थियो भने संविधान जारी भएपछि २०७८ सालमा भएको जनगणनामा ५३.३ प्रतिशत मानिसहरू तराईमा बसेको देखियो ।

नेपालको अन्नको भण्डारका रूपमा तराईलाई चित्रित गरिन्छ । हुन पनि समथर मैदान, सिँचाइयुक्त क्षेत्र भएकाले यसले नेपालको पहाडी र हिमाली क्षेत्रलाई अतिरिक्त अनाज आपूर्ति गर्ने मात्र होइन भारतमा निर्यात पनि गर्ने हैसियत राख्थ्यो । त्यसको उदाहरणका रूपमा भद्रपुर, रङ्गेली, गौरीगञ्जजस्ता सीमावर्ती बजारलाई लिन सकिन्छ । जहाँ ठूला ठूला धान मिलहरू थिए । नेपालमा उत्पादन भएको धान, चामल भारतका बजारमा बिक्री गरिन्थ्यो । अहिले अवस्था उल्टिएको छ । हिजो धान उत्पादन गर्ने खेतहरू घरले भरिएका छन् । मानिसहरूको रुची कृषि क्षेत्रमा घट्दो छ । उत्पादन त्यसै अनुसार साँघुरिदो अवस्थामा छ । यसले गर्दा धान चामल निर्यात गर्ने मिलहरू जीर्ण बनेका छन् । हिजो आफैँले निर्यात गर्ने सिमावर्ती बजारबाट हामीहरू धन चामल किनेर पालिएका छौँ ।

विसं २०२८/०२९ तिर राजा महेन्द्रले पूर्व-पश्चिम राजमार्गको अवधारणा ल्याएपछि र ठाउँठाउँमा जङ्गल फाँडेर बस्ती बसाउने अनुमति दिएपछि हिमाली र पहाडी क्षेत्रबाट मानिसहरू तराईतिर ओइरिन थालेका हुन् । नेपालको इतिहासमा २०२८ देखि २०३८ सालको एक दशकलाई एक प्रकारले बसाइँसराइको दशक माने पनि हुन्छ । किनकी २०२८ सालको जनगणनामा ३७.६ प्रतिशत भएको तराईको जनसङ्ख्या पूर्व-पश्चिम राजमार्गको निर्माण प्रारम्भ र सम्पन्न भएपछि यति बढ्यो कि २०३८ सालमा भएको जनगणनामा छ प्रतिशत बढेर ४३.६ प्रतिशत मानिसहरू तराईमा बस्ने भइसकेका थिए ।

**तराईमा बसोबास गराउन सरकारी प्रोत्साहन**

तत्कालीन सरकारले पहाडबाट मधेसमा बसाइँसराइलाई उत्प्रेरित गर्न विभिन्न प्रकारका कार्यक्रमहरू अघि सारेको थियो । विभिन्न पञ्चवर्षीय योजनाकालमा आकर्षक प्रस्तावसहित पहाडबाट तराईतिर बसाइँ सार्न राजा महेन्द्रले थालेका थिए । नेपालमा पहाडबाट तराईलाई आवाद गरेर बसोबासका लागि प्रेरित गर्न अघि सारिएका केही कार्यक्रमहरू यस्ता थिए राप्ती उपत्यका बहुउद्देश्यीय परियोजना (सन् १९५६-६२), खजुरा पुनर्वास परियोजना बाँके (१९६६), जमुनी पुनर्वास परियोजना बर्दिया (१९७०), झापा पुनर्वास परियोजना (१९७०), प्रशासन पुनर्वास परियोजना (१९७०), धनेवा पुनर्वास परियोजना नवलपरासी (१९७५), जुगेडा पुनर्वास परियोजना ( १९७५) आदि ।

पहिलो पञ्चवर्षीय योजनाकालदेखि निरन्तरता दिइँदै आएको यो कार्यक्रममालाई छैटौँ पञ्चवर्षीय योजनाकाल (१९८०-८५)मन कञ्चनपुर, बर्दिया, सर्लाही, नवलपरासी, कैलाली र झापालगायतका जिल्लामा विस्तार गरिएको थियो । यी जिल्लाहरूमा पहाडी र हिमाली क्षेत्रबाट मानिसहरू ल्याउनका लागि सन् १९६४ मा सरकारले पुनर्वास कम्पनी नै स्थापना गरेर पहाडबाट तराईतिरको बसाइँसराइलाई उत्प्रेरित गरेको थियो । सुरुमा पूर्वपश्चिम राजमार्ग आसपासका ठाउँहरूमा बसाइँसराईको सघन प्रभाव थियो । पछिल्ला वर्षहरूमा ती ठाउँमा मानिसहरू भरिए, नयाँ बसाइँ सरुवाहरूले त्यस क्षेत्रमा जमिन किन्ने हैसियत पुऱ्याउन नसकेर र जनसङ्ख्याको वृद्धिसँगै तराईका गाउँहरूमा साना साना सहररुको विकास भएका कारण मानिसहरू भित्री गाउँसम्म पुगेर बसोबास गर्ने क्रम बढाएका छन् । त्यसैले गर्दा मिहीन ढङ्गले हेर्ने हो भने पछिल्ला वर्षहरूमा राजमार्गमा जोडिएका सहरहरू भरिँदै गएपछि त्यससँगै जोडिएका दक्षिणतिरका साना सहररुको जनसङ्ख्या वृद्धिदर उच्च छ । उदाहरणका लागि, बुटवल उपमहानगरको जनसङ्ख्या वृद्धिदर ( ३.३२ प्रतिशत) भन्दा तिलोत्तमा नगरपालिकाको जनसङ्ख्या वृद्धिदर ( ३.८४) उच्च रहेको छ । जहाँ राजमार्गका सहरको फैलावटको सम्भावना उच्च विन्दुमा पुगेको छ । त्यहाँबाट मानिसहरू दक्षिणतर्फ धकेलिन थालेका छन् ।

**तराईका दुई दुःख**

तराईको दुःख आन्तरिक मात्र छैन, बाह्य जनसङ्ख्याको भार बोक्नुपर्ने पनि छ । खुला सिमानाका कारण नेपालमा दक्षिणबाट मानिसहरू आवतजावत गर्न कुनै रोकतोक छैन । त्यसकारण ठूलो संख्यामा दक्षिणतिरका मानिसहरू पनि तराई क्षेत्रमा बसोबास गरेका छन् भनेर विभिन्न समाचार र प्रतिवेदनमा बेला बेला सार्वजनिक हुने गरेकै छ । यी सबैको कुल योग भनेको तराईमा एक प्रकारको जनसङ्ख्या बहुलताको समस्या हो ।

यसो भनेर यति जनसङ्ख्यालाई तराईले थेग्नै सक्दैन भन्ने चाहिँ होइन । जनसङ्ख्याको यो आकर्षणलाई व्यवस्थित गर्ने, अन्नको भण्डारका रूपमा रहेको तराईको पहिचानलाई कायमै गर्ने, निर्यातलाई निरुत्साहित गर्ने जिम्मेवारीको अंश पनि तराई क्षेत्रलाई बढी छ । त्यसले गर्दा तराईमा ढिलो नगरी एकीकृत बस्ती विकासका कार्यक्रम, कृषि र बसोबासको जमिनको वर्गीकरण, व्यवस्थित सहरीकरण, उद्योगधन्दा, विद्यालय र अस्पताल, विमानस्थल आदि जस्ता पूर्वाधारको सञ्चालनका दीर्घकालीन योजना जरुरी छ ।

नेपालमा अहिले तीन तहका सरकार छन् । तीनै तहका सरकारले जेठदेखि असारको १० गतेसम्ममा नीति र कार्यक्रमहरू प्रस्तुत गरे । राज्यले नै करिब रु चार अर्ब लगानी गरेर गरेको जनगणनाको नतिजा प्रकाशन भएका दुई महिना नबित्दै ल्याएका नीति कार्यक्रममा त्यसको कुनै झल्को पाइँदैन । राज्यलाई कुनै नयाँ तथ्याङ्कको आवश्यकता नपरेको हो भने वर्षको झन्डै ४० करोड रुपैयाँ किन जनगणनाका नाममा लगानी गरिएको हो ? तथ्याङ्क आवश्यक परेको हो भने सङ्घीय, प्रदेश र स्थानीय सरकारले बनाउने नीति नै यिनै 'फ्रेस तथ्याङ्क'लाई आधार मानेर बनाउनुपर्ने हो किन त्यसो नभएको हो ? जनगणनाको मुख्य औचित्य भनेकै देशमा रहेको जनसङ्ख्याका आधारमा समुचित विकास गर्न, देशमा बसोबास गरेका मानिसलाई राज्यले उपलब्ध गराउने सेवा प्रवाहलाई सहज र सरल बनाउन, मानिसको बसोबासका आधारमा साधन स्रोतको समुचित वितरण गर्न उपयोग गर्नुपर्ने हो तर त्यसो भएको पाइएन ।

**सानो भूगोलमा ठूलो जनसङ्ख्या, राजनीतिको नयाँ एजेन्डा**

सघन जनसङ्ख्याको भार खेपिरहेको तराईले आगामी दशकहरूमा राजनीतिमा नयाँ नयाँ मुद्दाहरू स्थापित गर्ने कुराका सङ्केतहरू त अहिले नै देखिन थालेका छन् । तर अहिले चाहिँ यस ठाउँमा बसोबास गर्न आएका मानिसहरूलाई व्यवस्थित रूपमा बसाउन सकिएन भने आगामी केही दशकमा तराईमा बस्ने मानिसहरूले कष्टपूर्ण जीवन शैली बिताउनुपर्ने हुन्छ ।

प्राकृतिक विपत्तिमा ठूलो धनजनको क्षति तराईको नियति हुनेछ । घना जनसङ्ख्याको आवश्यकता पूरा गर्न नसक्दा हुन सक्ने दङ्गा अर्को जोखिम हो । त्यसैले यी सबै कुरालाई मध्यनजर गरेर तराईको खेतीयोग्य जमिनको आकार घटे पनि उत्पादन बढाउनु पनि हाम्रै दायित्व हुनेछ । कृषिमा आधुनिकीकरण, मेसिनीकरण, मल बीउको समयमै उपलब्धता र कृषि उपजको बजारको सुनिश्चिचता तराईका प्राथमिकता हुनु पर्दछ ।

**तराईको 'ब्रेन गेन' अवसरको खानी**

बसाइँसराइ गन्तव्य स्थानका लागि चुनौतीमात्र होइन, ठूलो अवसर पनि हो । संसारका जति पनि देशहरूले चाँडोचाँडो समद्धि हासिल गरेका छन् । त्यहाँ बसाइँसरुवाको ठूलो योगदान छ । यसरी दक्ष, सीपयुक्त तथा क्षमतावान् मान्छे बसाइँ सरी कुनै पनि स्थानमा आउने अवस्थालाई जनसाङ्ख्यिक भाषामा 'ब्रेन गेन' भनिन्छ । यस अर्थमा नेपालको तराईले ब्रेन गेन गरिरहेको स्थिति छ भने हिमाली र पहाडी क्षेत्रहरूले 'ब्रेन

बाँकी तीन पृष्ठमा

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# अन्धविश्वास र लापरबाही : सर्पदंशबाट मृत्युको कारण

**चन्द्रकला भण्डारी**

झापा, १९ असार (रासस)।

झापाको हल्दिबारी–२ पाराखोपीका ३२ वर्षीय शम्भु राजवंशीले असार १० गते घरको ढोकामा विषालु गोमन सर्प हिँडिरहेको देख्नुभयो। तत्कालै उहाँले सर्पलाई टाउकामा समाउनुभयो र घाँटीमा बेर्नुभयो। मदिरा लागेको बेसुरमा लापरबाही गर्दा परिणाम उल्टो निस्कियो, उहाँको दुवै हातमा सर्पले डस्यो। सख्त घाइते अवस्थामा उपचारका लागि चारआलीको सर्पदंश उपचार केन्द्र लैजाँदै गर्दा बाटैमा उहाँको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी नायब उपरीक्षक खगेन्द्र रिजालले बताउनुभयो।

झापाकै अर्जुनधारा–८ की २५ वर्षीया सुनिता मगर ६ महिनाकी सुत्केरी हुनुहुन्छ। असार १७ गते दिउँसो ४ बजेतिर बाथरुममा रहेको नानीको डाइपर बोक्दा उहाँलाई चिरिक्क गरेर दाहिने हातमा कमिलाले टोकेजस्तो लाग्यो। "हातमा हेर्दा एक थोपा रगत निस्किएको थियो," उहाँले घटना सुनाउँदै भन्नुभयो, "डाइपर टक्टक्याउँदा गड्यौला जत्रो सानो सर्प बाथरुममा फुत्त झर्‍यो।"

सर्प देखेपछि डराउँदै सुनिताले परिवारका सदस्य गुहार्नुभयो र मोटरसाइकलको पछाडि बसेर चारआलीको सर्पदंश उपचार केन्द्रमा तत्कालै पुग्नुभयो। स्वास्थ्यकर्मीहरूले उहाँलाई विषालु करेत सर्पले डसेको बताए। उपचारपछि स्वास्थ्यलाभ गरेर उहाँ घर फर्किनु भएको छ। झापामा हालै भएको सर्पदंशका उल्लिखित दुई घटनामध्ये पहिलोमा मानवीय लापरबाही र अज्ञानताले मृत्युको मुखमा पुर्‍याएको देखिन्छ भने दोस्रो घटनामा छिटो उपचार केन्द्र जाँदा जीवन सुरक्षित भएको देखिन्छ।

गर्मीयाममा तराई र पहाडी जिल्लामा सर्पदंशका घटना बाक्लै हुने गरेका छन्। सर्पदंशबाट कैयनले अकालमा ज्यान गुमाउनु परिरहेको छ। उपचारका लागि दर्जनौं केन्द्रहरू सञ्चालनमा रहे पनि अन्धविश्वास र लापरबाहीका कारण धेरैजसो बिरामीले छिटो उपचारमा नपुग्दा जीवन गुमाउनु परिरहेको छ।

**नौ वर्षमा ५१ हजारलाई डस्यो**

नेपालमा सर्पदंशको अवस्था भयावह नै छ। स्वास्थ्य मन्त्रालयको इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाले जनाएअनुसार विगत नौ वर्षमा ५१ हजार एक सय ६२ जनालाई सर्पले टोकेर घाइते बनाएको छ। महाशाखाकी पशु चिकित्सक डा रोशिका श्रेष्ठका अनुसार नौ वर्षमा सर्पदंशका कूल बिरामीमध्ये सात हजार पाँच सय एकजना विषालु सर्पको डसाइमा परेका थिए। बाँकी ४३ हजार ६ सय ६१ जना विष नभएका सर्पले डसेर उपचारका लागि स्वास्थ्य केन्द्रमा आइपुगेका थिए।

आर्थिक वर्ष २०७५/७६ यता हरेक वर्ष सर्पदंशका बिरामी बढिरहेका छन्। डा श्रेष्ठका अनुसार आव २०७५/७६ मा चार हजार पाँच सय ६७, आव २०७६/७७ मा पाँच हजार ८१, आव २०७७/७८ मा सात हजार नौ सय दुई र आव २०७८/७९ मा नौ हजार तीन सय ४६ जनालाई सर्पले डसेको छ। सर्पले डसेर उपचारका लागि स्वास्थ्य केन्द्रमा आइपुगेका बिरामीमध्ये १५ प्रतिशत जतिमात्र विषालु सर्पको डसाइमा परेका हुन्छन्। हरेक वर्ष औसत एक हजार जनालाई विषालु सर्पले डस्ने गरेको महाशाखाकी पशु चिकित्सक डा श्रेष्ठले जानकारी दिनुभयो।

**देशभर ८८ उपचार केन्द्र**

सर्पदंशको उपचार गर्ने भनेर ३१ जिल्लामा ८८ उपचार केन्द्र सञ्चालनमा रहेका छन्। यी बाहेक सरकारी अस्पतालमा पनि उपचार हुने गरेको छ। कोशी प्रदेशमा १३ वटा सर्पदंश उपचार केन्द्र रहेकोमा झापा जिल्लामै चारवटा रहेका छन्। झापाको चारआलीस्थित नेपाली सेनाको ब्यारेक परिसरमा रहेको सर्पदंश उपचार केन्द्र कोशी प्रदेशकै सबैभन्दा ठूलो उपचार केन्द्र हो।

नेपाल रेडक्रस सोसाइटीले दमकका र सहारा नेपाल बचत तथा ऋण सहकारी संस्थाले कनकाईमा र कचनकवल गाउँपालिकाले बनियानीमा आफ्नै लगानीमा सर्पदंश उपचार केन्द्र सञ्चालन गर्दै आएका छन्। सरकारी अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र र सामुदायिक संस्थाहरूले सर्पदंश उपचार केन्द्र सञ्चालन गर्दै आएका छन्। देशभर ८८ उपचार केन्द्र रहेकामा २२ वटा नेपाली सेनाको प्रत्यक्ष प्राविधिक सहयोगमा उपचार केन्द्र सञ्चालनमा छन्।

झापाको मेचीनगर–१३ चारआलीस्थित नेपाली सेनाको अरिदम गणको परिसरमा चारआली सर्पदंश उपचार केन्द्र छ। झापाको सबैभन्दा पुरानो सर्पदंश उपचार केन्द्रको रूपमा परिचित यहाँ १९ वर्षमा १९ हजार पाँच सय २० जना सर्पदंशका बिरामीले उपचार प्राप्त गरेका छन्।

नेपाली सेनाका प्राविधिक ऋषिराम पोखरेलका अनुसार यस उपचार केन्द्रमा वार्षिक सरदर एक हजार जना सर्पदंशका बिरामीले उपचार सेवा लिने गरेका छन्। झापा, मोरङ, सुनसरी, इलाम, पाँचथर, ताप्लेजुङ र धनकुटादेखि बिरामी यहाँ आउने गरेका छन्। "पुरानो उपचार केन्द्र भएकाले होला धनकुटा र सुनसरीदेखिका बिरामी यहाँ आउनुहुन्छ," प्राविधिक पोखरेल भन्नुहुन्छ, "धनकुटा र सुनसरीका बिरामीका लागि इटहरी र धरानतिरै उपचार गर्न सकिन्छ, यहाँ धाइरहनु पर्दैन भनेर सम्झाउँछौं। तर, उहाँहरू हामीलाई यहीको उपचारमा विश्वास छ भन्दै आउने गर्नुहुन्छ।"

**मधेसमा गोमन र करेत, पहाडमा गुर्बे**

नेपालमा करिब ९० प्रकारका सर्प पाइने गरेको छ। जसमध्ये १५ वटा जति सर्प विषधारी मानिन्छन्। तीमध्ये पनि केही सर्पको डसाईले मात्र मानिसको मृत्यु हुनसक्छ। सर्पदंशमा अनुसन्धान गर्नुभएको चितवनका डा देवप्रसाद पाण्डेको अनुसन्धान प्रतिवेदनअनुसार नेपालमा सबैभन्दा बढी विषालु सर्प गोमन, करेत र हरेउ हो।

राजगोमन (किङ कोब्रा) देख्दैमा डरलाग्दो र बढी विषयुक्त सर्प हो। यो मधेसमा पाइन्छ। साधारण गोमन सर्प साना र विषालु हुन्छन्। यिनीहरूले मान्छे देख्नासाथ त्रिशूलजस्तो छाप देखाउँदै टाउकाको भाग फुलाउँछन्। गोमनको तुलनामा धेरै साना तर विषालु हुन्छन् करेत सर्प। छिर्केमिर्के रङका करेतहरू पनि धेरै प्रकारका हुन्छन्। घरभित्र र बाहिर जहाँ पनि मानिससँगको जम्काभेटमा यिनीहरूले डस्ने जोखिम हुन्छ। गुर्बे चाहीँ पहाडी क्षेत्रमा मात्र पाइने विषालु सर्प हो। ढुवानीका सामानभित्र बसेका गोमन र करेत पनि पहाडी क्षेत्रमा पाइन थालेका छन्। गोमन र करेतको बासस्थान पहाड होइन।

मधेसमा गोमन जस्तै धामन सर्प हुन्छ। तर यसले डसेमा चोट लागे पनि विष लाग्दैन। पानीमा पाइने ढोडे सर्पले पनि धेरै मानिसलाई डस्ने गरेको छ। यसको पनि विष लाग्दैन। माछा मार्न र खेतमा काम गर्दा ढोडे सर्पले डस्ने गर्दछ। सर्प आफैं मानिसका लागि आक्रामक प्राणी होइन। मुसा, भ्यागुता, चरा, अण्डा, कीरो आदि आहारको खोजीमा भौंतारिने क्रममा मानिस बस्ने घरखेत वरिपरि हुने जम्काभेट नै सर्पदंशको कारण मानिन्छ।

**ज्यान जोगाउँदैछन् उपचार केन्द्रले**

सर्पले डस्नासाथ उपचारका लागि आउने बिरामी सबैलाई विष सङ्क्रमण भएको हुँदैन। गोमन, करेत, गुर्बे जस्ता विषालु सर्पले डस्दा मात्र बिरामीको ज्यान जाने खतरा हुन्छ। तर, जतिसुकै खतरा भए पनि सर्पदंश उपचार केन्द्रमा छिटै आइपुगेका बिरामीको उपचारपछि ज्यान बाँच्ने गरेको छ। पाँचथर जिल्लाको फाल्गुनन्द गाउँपालिका–१ की ४० वर्षीया सरिता घिसिङलाई असार १४ गते घाँस काट्दै गर्दा गुर्बे सर्पले देब्रे हातमा डस्यो। एम्बुलेन्स रिजर्व गरेर उहाँलाई सरासर झापाको चारआलीस्थित नेपाली सेनाको सर्पदंश उपचार केन्द्रमा ल्याइयो।

त्यसैगरी, भद्रपुर नगरपालिका–१० का ३१ वर्षीय दधी राजवंशीलाई यही असार १६ गते बाख्राका लागि बारीमा घाँस काट्दै गर्दा किराले टोकेजस्तो लाग्यो। केहीबेरमा रगत बगेपछि उहाँ मोटरसाइकलमा बसेर चारआलीको सर्पदंश उपचार केन्द्र आइपुग्नुभयो। सर्पदंशका दुवै बिरामीलाई विषालु करेत र गुर्बे सर्पले डसेको सर्पदंश उपचार केन्द्रका सैन्य प्राविधिक पोखरेल बताउनुहुन्छ। "सर्पले डसेपछि बिरामीले अलमल र हलचल नगरी छिटोभन्दा छिटो सर्पदंश उपचार केन्द्रमा जानु पर्छ," उहाँ भन्नुहुन्छ, "विषालु सर्पले डसेको रहेछ भने हामी अवस्था अनुसार एन्टी स्नेक भेनम वा एन्टी बायोटिक औषधिको प्रयोग गरेर उपचारा गर्छौं।"

सर्पले डसे लगत्तै उपचार केन्द्रमा ल्याइएको जस्तोसुकै बिरामी पनि बाँच्ने पोखरेलले बताउनुभयो। उहाँका अनुसार चेतनाको अभाव र अन्धविश्वासका कारण कतिपय मानिसहरू धामीझाँक्री र तन्त्रमन्त्रतिर अलमलिन्छन् भने कतिपयले डसेको ठाउँमा रक्तसञ्चार ठप्प हुने गरी बाँध्ने, ब्लेडले चिरेर रगत चुस्ने, विभिन्न अनावश्यक रसायन लगाउने, खुर्सानीलगायतका विभिन्न खानेकुरा खुवाउने गर्नाले बिरामीको ज्यान जोखिममा पर्ने गरेको छ।

असार १७ गते बिहान ८:४० बजेतिर खेतमा आली लगाउँदै गर्दा करेत सर्पले डसेर घाइते हुनुभएको झापाको बुद्धशान्ति -१ का ५३ वर्षीय लिलाप्रसाद न्यौपाने तत्कालै सर्पदंश उपचार केन्द्रमा आएका कारण बाँच्न सफल भएको बताउनुहुन्छ। "आली लगाउँदै थिएँ, चिरिक्क केहीले टोकेजस्तो लाग्यो," उहाँ भन्नुहुन्छ–"ढिलो नगरी चारआलीको उपचार केन्द्रमा आएँ। अलिकति ढिलो गरेको भए, विष फैलिएर के हुन्थ्यो भन्न सकिने थिएन।"

**गर्मी याममा बिरामी धेरै**

सर्पले बाह्रै महिना डस्ने सम्भावना भए तापनि बर्खाको गर्मीमा यो समस्या धेरै बढ्ने गरेको छ। वैशाखदेखि भदौ महिनामा सर्पहरू गुप्तबासबाट बाहिर निस्किएर आहारको खोजीमा डुल्ने हुँदा यहीबेला मानिसलाई डस्ने गरेका छन्। चारआलीस्थित सर्पदंश उपचार केन्द्रमा यही वैशाखमा ७४ जना सर्पदंशको उपचार गर्न आएकोमा आठ जना विषालु सर्पले डसेका बिरामी छन्। जेठ महिनामा एक सय २९ जना बिरामी आएको र तीमध्ये २२ जनालाई विषालु सर्पले डसेको पाइएको उपचार केन्द्रले जनाएको छ। असारमा उपचारका लागि आएका एक सयजनामध्ये १४ जनामा विषालु सर्पले डसेको पाइएको थियो।

सेनाको प्रत्यक्ष प्राविधिक निगरानीमा सञ्चालित यो उपचार केन्द्रमा समुदायबाट गठित समिति छ। दुर्गाप्रसाद भट्टराईको अध्यक्षतामा रहेको समितिले केन्द्रलाई समुदाय र सरकारबाट सहयोग जुटाउन मदत गर्दै आएको छ। भारतको दार्जीलिङबाट समेत सर्पदंशको उपचारका लागि भारतीय नागरिक यहाँ आउने गरेको समितिका अध्यक्ष भट्टराई बताउनुहुन्छ। केन्द्रमा २२ शय्या छ भने एउटा भेन्टिलेटर भद्रपुरस्थित प्रादेशिक अस्पतालमा राखिएको छ। गम्भीर प्रकृतिका बिरामीलाई आइसियु र भेन्टिलेटरमा राखेर उपचार गरिदै आएको भट्टराईले जानकारी दिनुभयो।

नेपाल सरकारले नै सर्पदंश उपचारका लागि एन्टी स्नेक भेनम औषधि उपलब्ध गराउँदै आएको छ। तर, उपचारलाई व्यवस्थित तुल्याउन व्यवस्थापन समितिले सामान्य उपचार सेवा शुल्क लिने गरेको छ। बेलैमा उपचार नपाएको अवस्थामा विषालु सर्पदंशका बिरामीको मृत्यु हुने गरेको छ। तर, त्यस्ता बिरामी उपचार केन्द्रसम्म नआइपुग्ने गरेका कारण मृतकको तथ्याङ्क भेटिँदैन।

दश वर्षअघिको एउटा अनुसन्धान प्रतिवेदनका अनुसार उसबेला वर्षेनी सर्पदंशबाट नेपालमा तीन हजारसम्मको मृत्यु हुने गरेको थियो। तर, सचेतना बढेको र उपचार केन्द्रको संख्या बढेका कारण हाल सर्पदंशबाट मृत्यु हुनेको संख्या वार्षिक दुई सयभन्दा कम रहेको अनुमान गरिएको छ। स्वास्थ्य मन्त्रालयको इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाकी पशु चिकित्सक डा. रोशिका श्रेष्ठले पनि सर्पदंशबाट हुने मृत्युको आधिकारिक तथ्याङ्क नरहेको स्वीकार गर्नुभयो।

*तराई केन्द्रित ...*

ड्रेन'को सामना गरिरहेका छन्।

बसाइँ सर्ने मानिसहरू अक्सर साहसी, सिर्जनशील, पढालेखा, जोखिम मोल्न सक्ने, युवा र तुलनात्मक रूपमा आर्थिक रुपले सम्पन्न वर्गका हुन्छन्। यसको परीक्षणका लागि तपाईं हामीले हाम्रो गाउँछिमेकलाई नयाँ थातथलो बनाउन आएका छिमेकीहरूलाई हेरौं। यसमा कति सत्यता छ। पत्ता लागिहाल्छ। ती बसाइँ सरुवाहरू केही न केही नयाँ काम गर्न इच्छुक हुन्छन्। त्यसको वातावरण स्थानीय, प्रदेश र सङ्घीय सरकारले उपलब्ध गराउनु पर्दछ। त्यसैले हाम्रो तराई प्राकृतिक उत्पादनको हिसाबले मात्र उर्वर छैन, मानवीय दिमागका हिसाबले पनि उर्वर छ। यसलाई सदुपयोग गरौं। समृद्धि हासिल गरौं।

(लेखक पत्रकार हुनुहुन्छ)

## विश्व समाचार

# विषाक्त मदिरा सेवनबाट चार जनाको मृत्यु

नोम पेन्ह, १९ असार (रासस/सिन्ह्वा)।

उत्तरपूर्वी कम्बोडियाको रतनकिरी प्रान्तमा चामलको विषाक्त मदिरा पिएका चार जनाको मृत्यु भएको छ। उच्च मात्रामा मिथेनोल भएको मदिरा पिएका पाँच जनामध्ये चार जनाको ज्यान गएको सरकारी अधिकारीले बताएका छन्। विषाक्त मदिरा पिएर गम्भीर बिरामी भएका उनलाई अस्पताल भर्ना गरिएको छ। मृतक केराको व्यावसायिक खेती गर्ने कृषि कम्पनीका कामदार हुन्।

प्रयोगशाला परीक्षणबाट मदिरामा उच्च मात्रामा मिथेनोल भेटिएको र उनीहरूको मृत्युको कारण भएको प्रान्तीय गभर्नरले बताएका छन्। मदिरा बिक्रेतासँग कानुन कार्यान्वयन निकायका अधिकारीले सोधपुछ गरेका छन्। सस्तो मूल्यका कारण घरेलु मदिराप्रति पियक्कडको आकर्षण बढेको छ। गत महिना पनि उत्तरपश्चिमी पुरसट प्रान्तमा विषाक्त मदिरा सेवन गरेका एक जनाको मृत्यु भएको थियोभने अन्य २७ जना बिरामी भएका थिए।

# पाकिस्तानमा नक्कली प्रहरी मुठभेडका घटना बढ्दै

इस्लामावाद, १९ असार (रासस/एएनआई)।

पाकिस्तानमा नक्कली प्रहरी मुठभेडका घटना बढेकामा नागरिक समाजले चिन्ता व्यक्त गरेको छ। दैनिक समाचारपत्र डनका अनुसार नक्कली मुठभेडका घटना देशमा सामान्य बन्दै गएका छन्। कराँची निवासी काशिफ प्रहरीको नक्कली मुठभेडको शिकार भएका थिए। त्यसपछि उनी धरौटीमा रिहा भई गृहनगर फर्किएका छन्। हिरासतमा हुँदा प्रहरीसँगको 'इनकाउन्टर'मा गोली लागेर घाइते भएका कासिफको एउटा खुट्टा काट्नुपरेको थियो।

काशिफकी आमा जरिनाका अनुसार जे नहुनु पर्ने थियो त्यही भयो अर्थात् प्रहरीको नक्कली मुठभेडको शिकार बनेको आफ्नो छोराले खुट्टा गुमायो। प्रहरीले अनाहकमा काशिफलाई प्रहरी चौकीभित्रै खुट्टामा दुई पटक गोली हानेको थियो। समाचारपत्र डनले मंगलबार सार्वजनिक गरेको समाचारअनुसार प्रहरी चौकीमा काशिफको जस्तै नियति अन्य छ जनाले भोग्नुपरेको थियो। उनीहरूको अहिले लियाकत विश्वविद्यालय अस्पतालमा उपचार भइरहेको छ। जाली मुठभेडमा 'हाफ फ्राई र फुल फ्राई' को क्रूर शासन चलेको छ। उच्च अधिकारीले हाफ फ्राईको आदेश दिए 'खुट्टा भाँच्ने' र फुल फ्राइ गर्न निर्देशन दिए ज्यान नै लिने गरिन्छ।

# एकै परिवारका बाह्र जना बगे

क्वालालम्पुर, १९ असार (रासस/एएफपी)।

मलेसियाको एक नदीमा पौडी खेलिरहेका परिवारका १० जना सदस्य बगेका छन्। पौडी खेलेको स्थानबाट २५ किलोमिटर मुनि सात जनाको शव भेटिएका एक जना वरिष्ठ प्रहरी अधिकारीले बताएका छन्। गत शुक्रबार पूर्वीराज्य तेरेङ्गानुको चुकाई जिल्लाको जङ्गलमा रहेको जेराम मावारमा उक्त दुर्घटना भएको हो। दुर्घटनामा चारदेखि ४० वर्षको उमेर समूहका मानिसले ज्यान गुमाएका छन्।

स्थानीय प्रहरी प्रमुख हान्यान रामलानका अनुसार नदीले बगाएर ज्यान गुमाएका नौ जना एकै परिवारका सदस्य र एक जना विवाहका निम्ति निर्धारण गरिएकी कन्या थिइन्। तीन मिटरसम्म पानीको बहाव बढेपछि पौडीमा रमाइरहेका उनीहरूलाई भेलले बगाएको थियो। उनीहरूले पानीको बहाव अचानक बढ्ने कल्पना पनि गरेका थिएनन्। 'ट्राचाकर' कुकुरको सहयोगमा विभिन्न निकायका दुई सय १० जना अधिकारीको अगुवाइमा बाँकी तीनजना पीडितको खोजी भइरहेको छ।

# बलात्कारीलाई मृत्युदण्ड

तेहरान, १९ असार (रासस/एएफपी)।

कैयौं महिलालाई नक्कली क्लिनिकमा बोलाएर बलात्कार गरेका तीन जनालाई इरानमा मृत्युदण्ड दिइएको छ। 'कस्मेटिक सर्जरी' गरिदिने प्रलोभनमा महिलालाई नक्कली 'क्लिनिक'मा बोलाएर लठ्याउने औषधि 'एनेस्थेटिक'को सुई लगाएर बलात्कार गरेको अभियोगमा दोषी ठहर भएका ती पुरुषलाई मंगलबार मृत्युदण्ड दिइएको हो।

उनीहरूलाई दक्षिणी प्रान्त होर्मोजगानमा सन् २०२१ को अन्त्यमा यौन उत्पीडनका १२ वटा घटनामा षड्यन्त्र गरेकोमा दोषी ठहर गरिएको न्यायपालिकाको मिजान अनलाइन वेबसाइटमा उल्लेख छ। "गैरकानुनी ब्यूटी सेलुनमा धेरै महिलालाई बलात्कार गरेका तीन जना पुरुषलाई मंगलबार बिहान बन्दर अब्बास जेलमा फाँसी दिइएको छ," होर्मोजगनका प्रधानन्यायाधीश मोजताबा घहरामानीले भनेका छन्।

मानवअधिकारवादी समूह एम्नेस्टी इन्टरनेसनलका अनुसार इरानले चीन बाहेक अन्य कुनै पनि राष्ट्रको तुलनामा धेरै मानिसलाई मृत्युदण्ड दिएको छ। गत वर्ष कम्तिमा पाँच सय ८२ जनालाई मृत्युदण्ड दिइएको थियो। यो सन् २०१५ यताको सबैभन्दा बढी हो।

# गुगल, फेसबुक, माइक्रोसफ्टलगायत ६ कम्पनी नेपालको कर प्रणालीमा दर्ता

काठमाडौँ, १९ असार (रासस)।

सूचना प्रविधि र डिजिटल सेवाका क्षेत्रमा काम गरिरहेका गुगल, फेसबुक र माइक्रोसफ्टलगायतका छवटा अन्तर्राष्ट्रिय कम्पनी नेपालको कर प्रणालीमा दर्ता भएका छन् ।

नेपालमा विद्युतीय सेवाको कारोबार गर्ने विदेशी कम्पनीलाई करको दायरामा ल्याउन चालु आर्थिक वर्षको आर्थिक ऐनमार्फत सरकारले विद्युतीय सेवा कर (डिजिटल सर्भिस ट्याक्स) सम्बन्धी व्यवस्था गरेको थियो । सोही व्यवस्थाअनुसार हालसम्म छवटा विदेशी कम्पनी दर्ता हुन आएको ठूला करदाता कार्यालयका कर अधिकृत साधुराम पुडासैनीले जानकारी दिनुभयो । विद्युतीय सेवा कर तिर्ने कम्पनी ठूला करदाता कार्यालयमा दर्ता भइरहेका छन् । यस्ता कम्पनीलाई करको दायरामा ल्याउन सरकारले कानून बनाएको भए पनि अधिकांश कम्पनी भने अझै कर प्रणाली बाहिर छन् ।

ठूला करदाता कार्यालयका अनुसार सिङ्गापुरमा कार्यालय रहेका तीनवटा कम्पनी गुगल एसिया प्यासिफिक प्राइभेट लिमिटेड, माइक्रोसफ्ट रिजनल सेल्स प्राइभेट लिमिटेड र लिङ्कडइन सिङगापुर प्राइभेट लिमिटेड दर्ता भएका छन् ।

त्यस्तै, संयुक्त राज्य अमेरिकाको ब्लुमिङ्टन ठेगाना राखिएको एनसीएस पिअर्सन इन्कर्पोरेसन र वेल्मिङ्गटन काउन्टी अफ न्यू क्यासल ठेगाना भएको इब्स्को इन्टरनेसनल इन्कर्पोरेस पनि ठूला करदाता कार्यालयमा दर्ता भएका हुन् । डब्लिन आयरल्यान्ड ठेगाना भएको मेटा प्लाटफर्म्स आयरल्यान्ड लिमिटेड पनि नेपालमा दर्ता भएको छ ।


हालसम्म नेपालमा दर्ता भएका कम्पनीमध्ये गुगल एसिया प्यासिफिक प्राइभेट लिमिटेड विश्वको सबैभन्दा ठूलो सर्च इन्जिनमध्येको एक गुगलको माउ कम्पनी हो । त्यस्तै सामाजिक सञ्जाल फेसबुक (इन्स्टाग्राम र ह्वाट्सएपसमेत) र लिङ्कडइन पनि दर्ता भएका छन् । दर्ता भएका अरु कम्पनीमध्ये एनसीएस पिअर्सन इन्कर्पोरेसनले विभिन्न खालका मोबाइल एप्लिकेसन बनाउने गर्छ भने इब्स्को इकर्पोरेसनले रिसर्च प्लेटफर्म र डाटाबेस व्यवस्थापनसँग सम्बन्धित कम्पनी हो । माइक्रोसफ्ट पनि सफ्टवेयर निर्माण र सूचना प्रविधिका क्षेत्रा विश्वकै ठूलो कम्पनीमध्ये एक हो ।

चालु आर्थिक वर्षको आर्थिक ऐनले 'गैरबासिन्दा व्यक्तिले नेपालका उपभोक्तालाई उपलब्ध गराएको विद्युतीय सेवाको कारोबार मूल्यमा दुई प्रतिशतका दरले विद्युतीय सेवा कर लगाइ असुल गरिनेछ' भनी व्यवस्था गरेको थियो । वार्षिक रु २० लाखसम्मको कारोबारमा भने यस्तो कर नलाग्ने व्यवस्था आर्थिक ऐनमा राखिएको छ । ऐनको व्यवस्थाअनुसार नेपालमा विद्युतीय सेवा उपलब्ध गराउने व्यक्तिले आयवर्षअनुसार आफ्नो कारोबारको विवरण तथा कर दाखिला गर्नुपर्छ तर ठूला करदाता कार्यालयमा दर्ता हुन नआएका कम्पनीलाई कसरी आबद्ध गराउने र कर तिराउने भन्ने स्पष्ट छैन । करदाता कार्यालय दर्ता भइसकेका विदेशी कम्पनीले कर नतिरेमा कारबाहीको व्यवस्था गरिएको भए पनि दर्ता नै नभएका कम्पनीलाई कस्तो कारबाही हुने भन्ने प्रस्ट छैन । नेपालमा सेवा दिइरहेका सबै सूचना प्रविधि क्षेत्रका लागि यस्तो कर प्रणाली बाध्यकारी हुन नसक्दा अधिकांश कम्पनी कर प्रणालीभन्दा बाहिरै रहेको देखिन्छ ।

चालु आर्थिक वर्षको आर्थिक ऐनले तोकिएको समयभित्र विवरण दाखिला नगरेमा वार्षिक कारोबार रकमको शून्य दशमलव एक प्रतिशत प्रतिवर्षका दरले हुने रकम शूल्क लाग्ने र कर तिर्नुपर्ने तोकिएको मितिभित्र कुनै व्यक्तिले कर दाखिला नगरेमा वार्षिक १५ प्रतिशतका दरले ब्याज लाग्ने व्यवस्था रहेको छ । यसरी दाखिला गर्नुपर्ने कर रकम कम दाखिला गरेमा वा लुकाए छिपाएमा त्यसरी कम गरेको कर रकमको ५० प्रतिशत जरिवानासमेत लाग्नेछ भनी व्यवस्था गरिएको छ तर विदेशमा सेवा दिइरहेका कम्पनीले नेपालमा कर तिर्नका लागि अनिवार्य रुपमा दर्ता हुनुपर्ने व्यवस्था आर्थिक ऐनमा भने कहीँ पनि राखिएको देखिँदैन ।

नेपालभित्र सेवा दिइरहेका सामाजिक सञ्जाललगायत डिजिटल कारोबार गर्ने कम्पनीलाई करको दायरामा ल्याउन नसक्दा ठूलो परिमाणमा राजस्व गुमिरहेको सरकारी अध्ययनले समेत देखाएका छन् । मन्त्रिपरिषद्को गत असोज ११ को निर्णयबाट खारेज भएको नेपाल राजस्व परामर्श समितिले तयार पारेको 'राजस्व दायरा वृद्धिका सम्बन्धमा अध्ययन गरी तयार पारिएको प्रतिवेदन, २०७९' ले पछिल्ला वर्षहरूमा सामाजिक सञ्जालमार्फत हुने विज्ञापनबाट मात्रै ठूलो रकम बाहिरी रहेको उल्लेख गरेको छ । "नेपालमा कानुनीरुपमा दर्ता नभएका सामाजिक सञ्जालमा विज्ञापन गर्ने प्रवृत्ति ह्वात्तै बढेको छ । त्यस्ता सामाजिक सञ्जालले वार्षिक अर्बौं रुपैयाँ नेपालबाट विदेशतर्फ लगिरहेका छन्", प्रतिवेदनमा भनिएको छ ।

राजस्व परामर्श समितिको प्रतिवेदनले डाटा पोर्टल डट कमको तथ्याङ्कलाई उद्धृत गर्दै सन् २०२२ सम्ममा नेपालमा फेसबुकका एक करोड ३३ लाख प्रयोगकर्ता रहेको उल्लेख गरेको छ । "बजारसम्बन्धी अनुसन्धान गर्ने कम्पनी स्टाटिस्टाकाका अनुसार फेसबुकको प्रतिविज्ञापनकर्ता विज्ञापन आम्दानी सन् २०२१ मा ४० दशमलव ९६ अमेरिकी डलर पुगेको छ । सो आय सन् २०२० मा ३२ दशमलव ०३ अमेरिकी डलर बराबर थियो", राजस्व परामर्श समितिको प्रतिवेदनमा भनिएको छ, "यस प्रकारले हेर्दा नेपाली प्रयोगकर्ताले विज्ञापन हेरेबापत फेसबुकले वार्षिक ६० अर्बभन्दा बढी रकम आय गर्दै आइरहेको छ ।"



राजबिराज नगरपालिका
१ नं.वडा कार्यालय
राजबिराज,सप्तरी
मधेश प्रदेश,नेपाल

प.स. २०७९/०८०
च.न. १५६५

मिती :- २०८०।०३।१९

विषय: - सुचना सूचना सूचना ।

उपरोक्त सम्बन्धमा जिल्ला सप्तरी राजबिराज नगरपालिका वाड नं.२ हाल १ बस्ने **जुबैदा खातुन**ले तपसिलका जग्गाहरु नमसारी गर्न सिफारिश गरि पाउँ भनि मिति २०८०।०३।१९ गते मा द.न. १८०६ को निवेदन दिएको हुदां सो जग्गामा कसैको हक दावी भए सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफनो सबुत प्रमाण सहित यस वडा कार्यालयमा निवेदन दिन आउनु होला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा जानकारी गराइन्छ ।

**तमसिल**

जिल्ला सप्तरी रा.बि.न.पा.वा.नं.२हाल १ बस्ने **महिउदिन अलिको** नाउ दर्ताको जग्गाहरु

| जिल्ला | गा.बि.स./न.पा. | वार्ड नं. | कि.न. | क्षेत्रफल |
|---|---|---|---|---|
| सप्तरी | चनौरा पडरीया | ४ | १३४८ | ०-२-६.५ |
| सप्तरी | चनौरा पडरीया | ४ | १३५१ | ०-१-६.५ |
| सप्तरी | चनौरा पडरीया | ४ | १३५३ | ०-१-६.५ |

२०८०।३।१९

## मन्त्रिपरिषद् बैठकका निर्णय

काठमाडौँ, १९ असार (रासस)।

सरकारले बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोगको कार्यावधि विसं २०८० पुस मसान्तसम्म थप गर्न बाधा अड्काउ फुकाउको निम्ति आदेश जारी गर्ने भएको छ ।

सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा मंगलबार बसेको मन्त्रिपरिषद्को बैठकले सो निर्णय गरेको हो । बैठकले निजामति सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणीको रिक्त पदमा घनश्याम उपाध्यायलाई बढुवा गर्ने पनि निर्णय गरेको सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले जानकारी दिनुभयो ।

## *नेसपाले मुद्दा ...*

वैकल्पिक शक्ति निर्माण गर्न प्रयत्नशील रहनेसमेत जनाएको छ ।

"दीर्घकालीन वैचारिक स्पष्टतासहित तत्कालीन जनसरोकारका मुद्दामा दृढ भएर आमजनताबीच सङ्गठन निर्माण गर्दै सडक, सदन र सरकारबाट जनतालाई गोलबन्द गरेर अघि बढ्ने उद्देश्यले 'सङ्गठन निर्माण तथा विस्तार अभियान' सञ्चालन गर्न लागिएको छ", सो पार्टीका प्रचार विभाग प्रमुख विश्वदीप पाण्डेद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।

यसैगरी अभियानमार्फत पार्टीलाई वैचारिकरुपमा प्रगतिशील, लोकतान्त्रिक, समाजवादी विकल्पको रुपमा स्थापित गर्ने नेसपाले जनाएको छ । साथै, सबै स्थानीय तहसम्म सङ्गठनात्मक सञ्जाल विस्तार गर्ने नेसपाले जनाएको छ ।

अभियानको संयोजन प्रदेशमा केन्द्रीय कार्यकारिणी सदस्यले गर्ने छन् भने जिल्ला र पालिकाको अभियानको नेतृत्व केन्द्रीय सदस्य, सङ्घीय परिषद् सदस्य वा प्रदेश सदस्यले गर्ने छन् । नेसपाले अभियान्ताहरूले पालना गर्नुपर्ने नियम र आचारसंहिता पनि सार्वजनिक गरेको छ ।

## *अज्ञात रोगले ...*

रहेका पशु चौपायामा देखिएको उनले सुनाइन् ।

यस्तै खडक नगरपालिका २ का पशुपालक प्रकाश चौधरीले एउटा बाछीमा अघिल्लो दिन घाऊ देखिएको र त्यसको उपचार गर्न नपाउँदै भोलिपल्टै मृत्यु भएको बताए । अज्ञात रोगले गाउँमा दर्जनौं पशु चौपाया बिरामी परेको अर्का पशुपालक छिन्नमस्ता ५ का प्रभास मिश्राले सुनाए ।

राजविराज नगरपालिकाका पशुपंक्षि विकास शाखाका अधिकृत एवं पशुचिकित्सक अमरेन्द्र झाले आफुलाई पनि पशुमा फैलिएको रोगबारे खबर आएको बताए । उनले पशु चौपायामा हाल देखिएको रोग छाला रोग भएको बताए ।

उनले केही बिरामी पशु चौपायाको नमूना परिक्षण गर्दा छाला सम्बन्धी जटिल रोग लिम्पि भएको पुष्टि भएको बताए । उनले यस भाइरल रोगको औषधी सहज रुपमा उपलब्ध नभएपनि बिरामी पशु चौपायाको थप परिक्षण गरि तत्काल औषधी र उपचारको व्यवस्था हुनुपर्ने बताए ।


**डा. कालीप्रसाद यादव**
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
**डा. रिपला आचार्य**
MBBS, MD (BPKIHS) NMC NO. 19992
**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।
**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**
हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७



'नेपाल लागि स्वच्छ उर्जा मार्फत उपभोक्ता सशक्तिकण'
मधेश प्रदेश सरकार
उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय
उद्योग विभाग
**घरेलु तथा साना उद्योग कार्यालय**
सप्तरी, राजविराज
**उद्योग दर्ता गर्दा लाग्ने कागजातहरु**
१. जग्गाको प्रिन्ट नक्सा १ प्रति सक्कलै
२. मालपोत तिरेको रसिद २ प्रति फोटोकपी
३. जग्गा धनीको मंजुरनामा १ प्रति सक्कलै
४. लालपुर्जाको फोटोकपी २ प्रति
५. दर्ता गर्ने व्यक्तिको नागरिकताको फोटोकपी
६. जग्गा धनीको नागरिकताको फोटोकपी २ प्रति
७. रु. १० को हुलाक टिकट
८. कोब्रा फायल १ वटा
९. घरेलु तथा साना उद्योग कार्यालय सप्तरीमा दर्ता नभई उद्योग व्यवसाय संचालन नगर्न/नगराउन तथा तुरुन्त दर्ता गराई सञ्चालन गर्न हुन अनुरोध गरिन्छ ।
**नोट** : उद्योग अन्तर्गत - कृषि तथा पशुपालन फर्म, वर्कशपहरु, सैलुन, टेलर्स, मिलहरु, होटल व्यवसाय तथा विभिन्न सामान उत्पादन गरिने उद्योगहरु पर्दछन ।



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु → ipay remit, City Express Money Transfer, Best Remit, Prabhu Money Transfer, IME International Money Express, himal remit हिमालरेमिट, CG Money
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*